# प्रकृयात्मक सुरक्षा जानकारी

अन्तिम पटक अद्यावधिक गरिएको: 10/16/18

*नोट: यो दस्तावेज पहुँचको लागि मिशिगनको शिक्षा विभाग को मानक अनुरुप अद्यावधिक गरिएको थियो। अन्य कुनै सामग्रीहरुमा परिवर्तन गरिएका छैनन्।*

MICHIGAN Department of Education

मिशिगनको शिक्षा विभाग
विशेष शिक्षाको कार्यालय

**शिक्षाको राज्य बोर्ड**

Casandra E- Ulbrich, सह-अध्यक्ष
Richard Zeile, सह-अध्यक्ष
Michelle Fecteau, सचिव
Tom McMillin, महासचिव
Nikki Snyder, NASBE प्रतिनिधि
Pamela Pugh
Lupe Ramos-Montigny
Eileen Lappin Weiser

**पूर्व अफिसर**

Rick Snyder, राज्यपाल
Sheila A- Alles, अन्तरिम राज्य सुपरिटेन्डेन्ट

---

**मिशिगनको शिक्षा विभाग *[Michigan Department of Education (MDE)]***
विशेष शिक्षाको कार्यालय
608 West Allegan Street
P-O- Box 30008
Lansing, MI 48909
517-241-7075
MDE को वेबसाइट (www.michigan.gov/mde)

अक्षमता भएका व्यक्तिहरुको शिक्षा ऐन *[The Individuals with Disabilities Education Act (IDEA)]*, असक्षमता भएका विद्यार्थीहरुको शिक्षासंग सरोकार राख्ने संघीय कानून अनुसार, असक्षमता भएका बच्चाका अभिभावकलाई *IDEA* र अमेरिकी विभाग अन्तरगत उपलब्ध प्रकृयात्मक सुरक्षा व्यवस्थाको पूर्ण व्याख्या भएको जानकारी प्रदान गर्न आवश्यक छ। यो जानकारीको प्रतिलिपि अभिभावकलाई निम्नानुसार अवस्थामा बाहेक विद्यालय बर्षको एक पटक मात्र प्रदान गरिनेछ: (1) मूल्यांकनको लागि प्रारम्भिक सिफारिस वा अभिभावकको अनुरोधमा; (2) 34 CFR §§300.151 देखि 300.153 सम्म अन्तरगत प्राप्त पहिलो राज्यको उजुरी र एक विद्यालय वर्षमा §300.507 अन्तरगत प्राप्त पहिलो ढिलाई प्रकृया उजुरीमा; (3) जब अनुशासनात्मक कारवाही अन्तरगत स्थान परिवर्तनको लागि निर्णय गरिन्छ; र (4) अभिभावकको अनुरोधमा। [34 CFR §300.504 (a)] यस प्रकृयात्मक सुरक्षाको जानकारीले §300.148 (सार्वजनिक खर्चमा निजी विद्यालयमा एकपक्षीय रुपममा राख्ने), §§300.151 देखि 300.153 (राज्यको उजुरी प्रकृया) सम्म, §300.300 (सहमति), §§300.502 देखि 300.503, §§300.505 देखि 300.518, र §§300.530 देखि 300.536 (नियमावली भाग B को उप-खण्ड E), र §§300.610 देखि 300.625 (उप-खण्ड F को गोपनीयताको जानकारी प्रावधानहरु) को पूर्ण व्याख्या समावेश गरेको हुनुपर्छ।

यस दस्तावेजमा निम्नानुसार संक्षिप्त शब्दहरु प्रयोग गरिएका छन्:

| | |
|---|---|
| ALJ | प्रशासनिक कानून न्यायाधीश *[Administrative Law Judge]* |
| BIP | व्यवहार हस्तक्षेप योजना *[Behavioral Intervention Plan]* |
| FAPE | नि: शुल्क उपयुक्त सार्वजनिक शिक्षा *[Free Appropriate Public Education]* |
| FERPA | परिवारको शैक्षिक अधिकार र गोपनीयताको ऐन *[Family Educational Rights and Privacy Act]* |
| FBA | कार्यात्मक व्यवहार मूल्यांकन *[Functional Behavioral Assessment]* |
| IDEA | अक्षमता भएका व्यक्तिहरुको शिक्षा ऐन *[Individuals with Disabilities Education Act]* |
| IEE | स्वतन्त्र शैक्षिक मूल्यांकन *[Independent Educational Evaluation]* |
| IEP | व्यक्तिगतकृत शिक्षा कार्यक्रम *[Individualized Education Program]* |
| MDE | मिशिगनको शिक्षा विभाग *[Michigan Department of Education]* |
| OSE | विशेष शिक्षाको कार्यालय *[Office of Special Education]* |
| SOAHR | प्रशासनिक सुनवाई र नियमहरुको राज्य कार्यालय *[State Office of Administrative Hearings and Rules]* |

सामाग्री तालिका


सामान्य जानकारी ........................................................................................ 9

र्टभ्म थ्त्थरुद्धात ज्ञान्क्ञश्रभ............................................................................ 9

34 CFR §300.503 ........................................................................................ 9

र्स्न्ञ .......................................................................................................... 9

ज्ञान्क्ञश्रभक्ञै स्ञार्मभ ................................................................................... 9

व्यथ्घग्त थ्श्ञक्ष्ञ क्ञार्यक्रम्ल्ञार्ठ ज्ञान्क्ञश्रभक्ञै रुप्म्ञ यिञ्जैग ........................................... 10

ब्फङ्न स्थकै भ्ञाष्ञाम्ञ ज्ञान्क्ञश्रभ ........................................................................ 10

र्म्ल भ्ञाष्ञा ............................................................................................... 10

34 CFR §300.29 ........................................................................................ 10

ठलैक्ट्रथ्न्क मेल ......................................................................................... 11

34 CFR §300.505 ........................................................................................ 11

टथ्भ्ञाभ्ञाव्कक्ञै स्ळम्थ्त . थ्श्रभ्ञाष्ञा ................................................................... 11

34 CFR §300.9 ........................................................................................... 11

स्ळम्थ्त ..................................................................................................... 11

टथ्भ्ञाभ्ञाव्कक्ञै स्ळम्थ्त ................................................................................. 11

34 CFR §300.300 ........................................................................................ 11

ज्ञिश्रथ्म्भ्ञाक र्म्ल्यञ्ञ।क्नक्ञै ल्ञाथ स्ळम्थ्त ........................................................ 11

ज्ञिश्रथ्म्भ्ञाक र्म्ल्यञ्ञ।क्नक्ञै ल्ञाथ श्रञाज्यक्ञ छञाथ्यत्ळरुक्ञै थ्श्ञैष्ञ थ्न्यम्ळरु .................... 12

रैञ्ञाळरुक्ञ ल्ञाथ टथ्भ्ञाभ्ञाव्कक्ञै स्ळम्थ्त ........................................................... 12

टथ्भ्ञाभ्ञाव्कक्ञै स्ळम्थ्त श्रट्ट र्ग ........................................................................ 13

फ्कन्रु र्म्ल्यञ्ञ।क्लरुक्ञ ल्ञाथ टथ्भ्ञाभ्ञाव्कक्ञै स्ळम्थ्त ............................................. 14

टथ्भ्ञाभ्ञाव्क स्ळम्थ्त ज्ञिप्त र्ग डथ्त्व यिञ्जास्लरुक्ञै छरत्ञाौ ................................... 14

टन्य स्ळम्थ्तक्ञ टञाव्श्यक्ताळरु ....................................................................... 14

स्व्न्त्र श्ञैथ्क्षक र्म्ल्यञ्ञ।क्लरु ....................................................................... 15

34 CFR §300.502 ........................................................................................ 15

स्ञाम्ञान्य ................................................................................................... 15

थ्श्रभ्ञाष्ञाळरु ................................................................................................ 15

स्ञार्व्जथ्न्क खर्चम्ञा र्म्ल्यञ्ञ।क र्ग टथ्भ्ञाभ्ञाव्कक्ञै टथ्धञाक्ञश्र ............................... 16

टथ्भ्ञाभ्ञाव्कले फ्ळल ग्नर्फभ्ञाएक्ञै र्म्ल्यञ्ञ।क्लरु ..................................................... 16

र्ञ्ञास्थ्न्क क्ञान्फन न्यञायञाधिञभश्ञाद्वञाश्रञा र्म्ल्यञ्ञ।क्लरुक्ञ ल्ञाथ टन्फश्रञैधञाळरु ................ 16

थ्ल्ल्ञ थ्द्यञाल्यक्ञै म्ञाफ्छण्ड ........................................................................... 17

जानकारीको गोपनियता ................................................................................. 17

थ्श्रभ्ञाष्ञाळरु ................................................................................................ 17

34 CFR §300.611 ........................................................................................ 17

व्यथ्घग्त रुप्म्ञा थ्ळच्ञान यञ्ञेग्य ज्ञान्क्ञश्रभ ......................................................... 17

34 CFR §300.32 .......................................................................................... 17

टथ्भ्ञाभ्ञाव्कल्ञार्ठ ज्ञान्क्ञश्रभ ............................................................................ 17

34 CFR §300.612 ........................................................................................ 17

प्ळफँच्क्ञै टथ्धञाक्ञश्र ...................................................................................... 18

34 CFR §300.613 .......... 18
प्ळफँच्क्ज्ञै टथ्भ्ज्ञलैर्ख्ज्ञ .......... 18
34 CFR §300.614 .......... 18
एक भ्ज्ञन्छज्ञ ब्ढभ ब्च्ज्ञिाळरुक्ज्ञै टथ्भ्ज्ञलैर्ख्ज्ञाळरु .......... 19
34 CFR §300.615 .......... 19
ज्ज्ञन्क्ज्ञश्रभ्क्ज्ञ क्िंज्ञश्रळरु श्र स्थ्ज्ञज्ञन्रुक्ज्ञै र्स्च्भ .......... 19
34 CFR §300.616 .......... 19
श्ज्ञफल्क्ळरु .......... 19
34 CFR §300.617 .......... 19
टथ्भ्ज्ञभ्ज्ञज्ञव्क्क्ज्ञै टन्फश्रज्ञैध्ज्ञम्ज्ञ टथ्भ्ज्ञलैर्ख्ज्ञाळरुक्ज्ञै स|श्ज्ञज्ञैध्ज्ञन .......... 19
34 CFR §300.618 .......... 19
स्फन्फव्ज्ञार्ठक्ज्ञै ल्ज्ञथ टव्स्श्र .......... 19
34 CFR §300.619 .......... 19
स्फन्फव्ज्ञार्ठक्ज्ञै क्रियज्ञ .......... 20
34 CFR §300.621 .......... 20
स्फन्फव्ज्ञार्ठक्ज्ञै थ्श्रणज्ञज्ञम .......... 20
34 CFR §300.620 .......... 20
व्यथ्घग्त रुप्म्ज्ञ थ्ळच्ज्ञन यज्ञैग्य ज्ज्ञन्क्ज्ञश्रभ्क्ज्ञै र्ख्ज्ञफल्ज्ञस्ज्ञ र्ग्न स्ळम्थ्त .......... 20
34 CFR §300.622 .......... 20
स्फश्रक्ष्ज्ञज्ञ .......... 21
34 CFR §300.623 .......... 21
ज्ज्ञन्क्ज्ञश्रभ्क्ज्ञै थ्न्ज्ञश्ज्ञ .......... 21
34 CFR §300.624 .......... 21
थ्द्यज्ञथ्ज्ञर्भ्क्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्रळरु .......... 21
34 CFR §300.625 .......... 21
मध्यस्थता .......... 21
म्ध्यस्थ्ज्ञत्ज्ञ .......... 21
34 CFR §300.506 .......... 21
स्ज्ञम्ज्ञन्य .......... 21
टज्ञव्श्यक्त्ज्ञळरु .......... 22
म्ध्यस्थ्ज्ञक्र्त्ज्ञक्ज्ञै थ्न्ष्क्ष्ज्ञत्ज्ञ .......... 23
राज्यको उजुरी प्रकृयाहरु .......... 24
थ्ढल्ज्ञर्ठ क्रियज्ञक्ज्ञै स्फन्फव्ज्ञार्ठ श्र श्रज्ञज्यक्ज्ञै डज्फश्रभ क्रियज्ञळरु ब्म्च फश्रक .......... 24
श्रज्ञज्यक्ज्ञै डज्फश्रभ क्रियज्ञळरुक्ज्ञै प्ज्ञल्ज्ञ .......... 24
34 CFR §300.151 .......... 24
स्ज्ञम्ज्ञन्य .......... 24
डप्यफघ रैव्ज्ञळरुक्ज्ञै टर्स्भ्क्ज्ञश्रक्ज्ञै ल्ज्ञथ डप्च्ज्ञश्र .......... 24
न्यन्त्म श्रज्ञज्यक्ज्ञै डज्फश्रभ क्रियज्ञळरु .......... 25

34 CFR §300.152 ........ 25
स्यस्म्ज्ञय न्यन्त्न क्रियज्ञळरु ........ 25
स्य थ्सेत्ज्ञश्रय टथ्न्त्न थ्ण्र्ज्ञयय कज्ञयर्ज्ञन्च्यिन ........ 25
श्रज्ञज्यक्ज्ञै डज्फश्रभ श्र थ्ढल्ज्ञर्ठ क्रियज्ञक्ज्ञै स्फन्फव्ज्ञर्ठ ........ 25
श्रज्ञज्यक्ज्ञै डज्फश्रभ छज्ञयश्र ........ 26
34 CFR §300.153 ........ 26
ढिलाई प्रकृया उजुरी प्रकृया ........ 27
एडटज्ञ थ्ढल्ज्ञर्ठ क्रियज्ञ डज्फश्रभ छज्ञयश्र ग्नै ........ 27
34 CFR §300.507 ........ 27
स्ज्ञम्ज्ञन्यत्रू ........ 27
टथ्भ्ज्ञभ्ज्ञज्ञवक्क्ज्ञै ल्ज्ञथ ज्ज्ञन्कज्ञश्रभ ........ 27
थ्ढल्ज्ञर्ठ क्रियज्ञक्ज्ञै डज्फश्रभ ........ 27
34 CFR §300.508 ........ 27
स्ज्ञम्ज्ञन्यत्रू ........ 27
डज्फश्रभक्ज्ञै स्ज्ञर्मभ ........ 27
थ्ढल्ज्ञर्ठ क्रियज्ञ डज्फश्रभ्ज्ञ स्फन्फव्ज्ञर्ठ ग्नर्फ टथ्ध्ज्ञ टज्ञव्श्यक ज्ज्ञन्कज्ञश्रभ ........ 28
डज्फश्रभक्ज्ञै प्यर्ज्ञप्त्ज्ञ ........ 28
डज्फश्रभक्ज्ञै स।ईज्ञज्ञैध्ज्ञन ........ 28
थ्ढल्ज्ञर्ठ क्रियज्ञ डज्फश्रभ्ज्ञ थ्ल्ल्ज्ञ थ्द्यज्ञल्यक्ज्ञै थ्किृयज्ञ ........ 29
थ्ढल्ज्ञर्ठ क्रियज्ञक्ज्ञै डज्फश्रभ्ज्ञ टन्य प्क्षज्ञक्ज्ञै थ्किृयज्ञ ........ 29
म्ज्ञैडेल फज्ञश्रम्ळरु ........ 29
34 CFR §300.509 ........ 29
थ्ढल्ज्ञर्ठ क्रियज्ञ डज्फश्रभ श्र स्फन्ज्ञर्ठ ब्ज्ञँक्भ श्रळैक्ज्ञै ब्ल्ज्ञम्ज्ञ ब्ब्ज्ञक्ज्ञै स्थ्ज्ञज्ञन ........ 29
34 CFR §300.518 ........ 29
स्म्ज्ञध्ज्ञज्ञन्क्ज्ञै क्रियज्ञ ........ 30
34 CFR §300.510 ........ 30
स्म्ज्ञध्ज्ञज्ञन ब्ठक ........ 30
स्म्ज्ञध्ज्ञज्ञन्क्ज्ञै टव्ध्ज्ञ ........ 31
30.थ्छन स्म्ज्ञध्ज्ञज्ञन टव्ध्ज्ञम्ज्ञ स्ज्ञयज्ञैज्ळरु ........ 31
थ्ल्थ्रब्ज्ञत स्म्ज्ञध्ज्ञज्ञन स्म्झज्ञैत्ज्ञ ........ 32
स्म्झज्ञैत्ज्ञक्ज्ञै स्म्क्ष्ज्ञज्ञ टव्ध्ज्ञ ........ 32
ढिलाई प्रकृया उजुरीहरुमा सुनुवाई ........ 33
थ्ल्ष्क्ष्ज्ञ थ्ढल्ज्ञर्ठ क्रियज्ञक्ज्ञै स्फन्फव्ज्ञर्ठ ........ 33
34 CFR §300.511 ........ 33
स्ज्ञम्ज्ञन्यत्रू ........ 33
थ्ल्ष्क्ष्ज्ञ ईज्ञज्ञस्थ्न्क क्ज्ञॅन न्यज्ञयज्ञध्ज्ञश्ज्ञ ........ 33
थ्ढल्ज्ञर्ठ स्फन्फव्ज्ञर्ठ क्रियज्ञक्ज्ञै थ्ज्ञय ........ 33
स्फन्फव्ज्ञर्ठक्ज्ञै ल्ज्ञथ स्यश्रैख्ज्ञज्ञ ........ 33
स्यश्रैख्ज्ञज्ञम्ज्ञ टप्ज्ञछळरु ........ 33
स्फन्फव्ज्ञर्ठक्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्रळरु ........ 34

## 


34 CFR §300.512 .... 34

स्ज्ञम्ज्ञन्यत्रू .... 34

ज्ञान्वज्ञश्रभ्क्ष्ज्ञै थ्ज्ञ ख्ज्ञफल्ज्ञस्ज्ञ .... 34

स्फन्ब्ज्ञर्ठम्ज्ञ टथ्भ्ज्ञभ्ज्ञज्ञवक्क्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्रळरु .... 34

स्फन्फव्ज्ञर्ठक्ज्ञ थ्ण्ज्ञ्यळरु .... 35

34 CFR §300.513 .... 35

ैज्ञ्ज्ञस्थ्क क्ज्ञन्क्ज्ञै न्यज्ञयज्ञध्ज्ञश्ज्ञक्ज्ञै थ्ण्ज्ञ्य .... 35

थ्म्ज्ञ्ण्ज्ञक्ज्ञै ज्ञिध्ज्ञज्ञ .... 35

थ्ढल्ज्ञर्ठ स्फन्फव्ज्ञर्ठ कृियज्ञक्ज्ञै ल्ज्ञथ छफौ टन्फश्रज्ञैध्ज्ञ .... 35

स्ल्ल्ज्ञळक्ज्ञश्र प्यज्ञन्ल श्र र्स्ज्ञध्ज्ञश्रण्ज्ञक्ज्ञै ल्ज्ञथ ख्ज्ञैज्ळरु श्र थ्ण्ज्ञ्य .... 35

अपीलहरु .... 36

थ्ण्ज्ञ्यक्ज्ञै थ्षर्ष्ज्ञ्य टफ्ल्य थ्षक्ष्ज्ञ स्म्क्ष्ज्ञज्ञ .... 36

34 CFR §300.514 .... 36

स्फन्फव्ज्ञर्ठक्ज्ञै टथ्न्त थ्ण्ज्ञ्य .... 36

स्फन्फव्ज्ञर्ठक्ज्ञै स्म्यश्रैख्ज्ञज्ञ श्र स्फथ्ध्ज्ञज्ञळरु .... 36

34 CFR §300.515 .... 36

क्ज्ञश्रव्ज्ञळभ्ळरु छज्ञयश्र ग्न्क्ज्ञै ल्ज्ञथ स्म्यज्ञथ्ध्ज्ञ स्थळत्ए न्ज्ञगथ्श्रक क्ज्ञर्यळरु .... 36

34 CFR §300.516 .... 36

स्ज्ञम्ज्ञन्यत्रू .... 36

स्म्यस्म्ज्ञ .... 36

थ्ज्ञ कृियज्ञळरु .... 37

थ्ज्ल्ल्ज्ञ टछज्ञल्लळरुक्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्र क्षैत्र .... 37

थ्म्ज्ञ्ण्ज्ञक्ज्ञै थ्यम .... 37

टथ्ध्ज्ञव्यज्ञळरुक्ज्ञै ञ्ज्ञफल्क .... 37

34 CFR §300.517 .... 37

स्ज्ञम्ज्ञन्यत्रू .... 37

ञ्ज्ञफल्क्क्ज्ञै फ्श्रस्क्ज्ञश्र .... 38

असक्षमता भएका बच्चालाई अनुशासनात्मक बनाउने प्रकृया .... 39

थ्द्यज्ञल्य र्क्न्ज्ञश्रभ्क्ज्ञ टथ्ध्ज्ञक्ज्ञश्रळरु .... 39

34 CFR §300.530 .... 39

घ्ज्ञटन्ज्ञ टन्फस्ज्ञश्र थ्ध्ज्ञर्ज्ञश्रण्ज्ञ र्ग .... 39

स्ज्ञम्ज्ञन्यत्रू .... 39

टथ्त्थ्श्रघ टथ्ध्ज्ञक्ज्ञश्र .... 39

रैज्ञळरु .... 39

टभ्ज्ञव्यथ्घक्ज्ञै थ्थ्श्च्त्ज्ञ .... 40

व्यळज्ञश्र ब्ज्ञक्ज्ञै टस्क्ष्ज्ञम्त्ज्ञक्ज्ञै टभ्ज्ञव्यथ्घ भ्ज्ञएक्ज्ञै थ्ध्ज्ञर्ज्ञश्रण्ज्ञ .... 41

थ्श्ज्ञैष्ज्ञ थ्श्रथ्स्थ्ज्ञथ्ळरु .... 41

थ्श्रभ्ज्ञज्ञष्ज्ञज्ञळरु .... 41

स्फच्ज्ञ .... 42

टन्फश्ज्ञज्ञस्ज्ञत्म्क थ्षज्ञश्ज्ञन्क्ज्ञै क्ज्ञश्रण्ज्ञले स्थ्ज्ञज्ञन्क्ज्ञै थ्श्रर्द्ल .... 42

34 CFR §300.536 .... 42

ष्अश्रस्थ्ज्ञत्क्ज्ञै थ्न्ध्ज्ञर्ज्ञश्रण्ज्ञ ............ 42

34 CFR § 300.531 ............ 42

टष्ल ............ 42

34 CFR § 300.532 ............ 42

स्ज्ञम्ज्ञन्यत्रू ............ 42

ड्ढज्ञज्ञस्थ्न्क क्ज्ञॅन्ल न्यज्ञयज्ञध्ज्ञभ्ड्ढज्ञक्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्र ............ 43

टष्ल्क्ज्ञै स्न्यम्ज्ञ स्थ्ज्ञज्ञन ............ 44

34 CFR §300.533 ............ 44

थ्ड्ढज्ञैष्ज्ञ थ्ड्ढज्ञक्ष्ज्ञज्ञ श्र स्म्थ्न्ध्ज्ञत रैज्ञ्ळरुक्ज्ञै ल्ज्ञथ न्ब्ज्ञळरुक्ज्ञै स्फश्रक्ष्ज्ञज्ञ टज्ञै यज्ञैग्य न्ज्ञएक्ज्ञै ............ 44

34 CFR §300.534 ............ 44

स्ज्ञम्ज्ञन्यत्रू ............ 44

टन्फड्ढज्ञज्ञस्ज्ञत्म्क थ्व्ज्ञयळरुम्ज्ञ टज्ञध्ज्ञज्ञश्रभ्ज्ञॅत ज्ञज्ञन ............ 44

टप्ज्ञछ ............ 44

यथ्छ ज्ज्ञन्क्ज्ञश्रभ्क्ज्ञै टज्ञध्ज्ञज्ञश्र न्ज्ञएम्ज्ञ ल्ज्ञॅ ळफ्ै ड्ढज्र्ञत्ळरु ............ 45

क्ज्ञॅन्क्ज्ञै प्ज्ञल्ज्ञ श्र न्यज्ञथ्यक थ्न्क्ज्ञयळरुम्ज्ञ थ्स्फज्ञथ्श्रस श्र क्ज्ञश्रब्ज्ञळभ ............ 45

34 CFR §300.535 ............ 45

टथ्भ्ज्ञल्ैख्ज्ञक्ज्ञै ख्ज्ञिश्रण्ज्ञ ............ 45

सार्वजनिक खर्चमा निजी विद्यालयहरुमा बच्चाहरुको अभिभावकद्वारा एकपक्षीय रुपमा राखिने आवश्यकताहरु ............ 46

स्ज्ञम्ज्ञन्यत्रू ............ 46

34 CFR §300.148 ............ 46

थ्ऋ थ्द्यज्ञल्यक्ज्ञै स्थ्ज्ञज्ञन्क्ज्ञै ल्ज्ञथ ड्ढज्ञज्ञैध्ज्ञभ्ज्ञर्न्ज्ञ ............ 46

क्ष्ज्ञर्त्थ्क्ज्ञै स्म्ज्ञ ............ 46

व्यस्च ळफ्ै डमैश्रम्ज्ञ टथ्भ्ज्ञभ्ज्ञज्ञक्क्ज्ञै टथ्ध्ज्ञक्ज्ञश्र स्थ्ज्ञज्ञन्ज्ञन्त्श्रण्ज्ञ ............ 47

34 CFR §300.520 ............ 47

अनुसूची । . संघीय परिभाषाहरु ............ 48

ग्म्ज्ञभ्श्र ड्ढज्ञज्ञश्रभ्श्रक च्ज्ञैटप्टक ............ 48

18 USC 1365(h) ............ 48

ळथ्यज्ञश्र ............ 48

# सामान्य जानकारी

## अग्रीम लिखित जानकारी

### 34 CFR §300.503

**सूचना**

तपाईंको जिल्ला विद्यालय (यस जानकारीमा प्रयोग भएको शब्द "जिल्ला विद्यालय" ले सार्वजनिक विद्यालय एकेडेमी समावेश गरेको छ) ले तपाईंलाई लिखित जानकारी (तपाईलाई लिखितमा निश्चित जानकारी प्रदान गर्न) दिनुपर्छ, जब यसले:

1. तपाईंको बच्चाको पहिचान, मूल्यांकन, वा शैक्षिक भर्नाको शुरुवात वा परिवर्तन गर्ने, वा तपाईंको बच्चाको लागि उपयुक्त निःशुल्क सार्वजनिक शिक्षा *[Free Appropriate Public Education (FAPE)]* को प्रावधान गर्छ; वा
2. तपाईंको बच्चाको पहिचान, मूल्यांकन, वा शैक्षिक भर्नाको शुरुवात वा परिवर्तन गर्ने, वा तपाईंको बच्चाको लागि *FAPE* को प्रावधान परिवर्तन गर्न अस्वीकार गर्दछ।

**जानकारीको सामग्री**

लिखित जानकारीमा निम्नानुसार कुराहरु हुनुपर्छ:

1. तपाईंको जिल्ला विद्यालयले प्रस्ताव वा अस्वीकार गर्ने कार्यको व्याख्या गर्नुहोस्;
2. तपाईंको जिल्ला विद्यालयले प्रस्ताव किन कार्यको किन प्रस्ताव वा अस्विकार गरिरहेको छ, त्यसको व्याख्या गर्नुहोस्;
3. कार्यको प्रस्ताव वा अस्वीकार गर्ने निर्णय गर्नको लागि प्रयोग गरिएको प्रत्येक मूल्यांकन प्रकृया, आंकलन, अभिलेख, वा जिल्ला विद्यालयलाई गरिएको प्रतिवेदनलाई व्याख्या गर्नुहोस्।
4. *IDEA* को भाग B को प्रकृयात्मक सुरक्षा व्यवस्था अन्तरगत तपाईंसंग भएको सुरक्षाहरुलाई कथनमा समावेश गर्नुहोस्;
5. तपाईंको जिल्ला विद्यालयले प्रस्ताव वा अस्वीकार गर्ने कार्य यदि मूल्यांकनको लागि प्रारम्भिक सिफारिस होइन भने प्रकृयात्मक सुरक्षा व्यवस्थाको व्याख्या तपाईंले कसरी प्राप्त गर्न सक्नुहुन्छ भनेर बताउनुहोस्;
6. *IDEA* को भाग B बुझ्न मद्दतको लागि तपाईँले सम्पर्क गर्ने संसाधनहरु समावेश गर्नुहोस्;
7. तपाईंको बच्चाको व्यक्तिगतकृत शिक्षा कार्यक्रम *[Individualized Education Program (IEP)]* टोलीले विचार गरेका अन्य कुनै विकल्पहरु र ती छनौटहरु अस्विकार गरिनुका कारणहरु व्याख्या गर्नुहोस्; र
8. तपाईंको जिल्ला विद्यालयले कार्यको प्रस्ताव वा अस्वीकार किन गर्यो भनेर अन्य कारणहरुको व्याख्या प्रदान गर्नुहोस्।

**व्यक्तिगत शिक्षा कार्यक्रमलाई जानकारीको रुपमा प्रयोग**
§300.503 का सबै आवश्यकताहरुलाई पूरा गर्न सार्वजनिक निकायले *IEP* लाई लिखित जानकारीको भागको रुपमा दस्तावेज (हरु) प्रयोग गर्न सक्छ।

**बुझ्न सकिने भाषामा जानकारी**
जानकारीमा निम्नानुसार कुराहरु हुनुपर्दछ:

1. सामान्य सर्वसाधारणले बुझ्ने भाषामा लेखिएको; र
2. स्पष्ट रुपमा गर्न सम्भव नहुने बाहेकको अवस्थामा तपाईंको मूल भाषा वा तपाईंले सञ्चारको लागि प्रयोग गर्ने अर्को तरिकामा प्रदान गरिने।

यदि लिखित भाषा तपाईंको मूल भाषा वा सञ्चारको माध्यम नभएमा, तपाईंको जिल्ला विद्यालयले यो सुनिश्चित गर्नुपर्छ कि:

1. तपाईंको लागि जानकारी मौखिक रुपमा तपाईंको मूल भाषा वा सञ्चारको अन्य प्रकारको माध्यमबाट अनुवाद गरिएको छ;
2. तपाईंले जानकारीको सामग्री बुझ्नुहुन्छ; र
3. 1 र 2 भेटिएको त्यहाँ लिखित प्रमाण छ।

## मूल भाषा

**34 CFR §300.29**
मूल भाषा, जब कुनै व्यक्तिसँग अंग्रेजी भाषामा सिमित दखलता हुन्छ, भन्नाले निम्नानुसार कुराहरु छन्:

1. त्यो व्यक्तिले सामान्यतः प्रयोग गर्ने भाषा, वा, बच्चाको हकमा, सामान्यतः बच्चाको अभिभावकले प्रयोग गर्ने भाषा;
2. बच्चासँगको सबै सिधा सम्पर्कहरुमा (बच्चाको मूल्यांकन सहित), सामान्यतः घरमा वा सिक्ने वातावरणमा बच्चाले प्रयोग गर्ने भाषा।

सुन्ने वा हेर्ने क्षमता नभएका व्यक्तिहरुका लागि, वा लिखित भाषा नभएको व्यक्तिको लागि, त्यो व्यक्तिले सामान्यतः प्रयोग गर्ने भाषा (जस्तै इशाराको भाषा, ब्रेल वा मौखिक सञ्चार)A

## इलेक्ट्रनिक मेल

**34 CFR §300.505**
यदि तपाईंको जिल्ला विद्यालयले अभिभावकलाई ईमेलद्वारा दस्तावेजहरु प्राप्त गर्ने छनौट प्रदान गरेमा, तपाईंले निम्नानुसार कुराहरु ईमेलद्वारा प्राप्त गर्न रोज्न सक्नुहुन्छ:

1. अग्रीम लिखित जानकारी;
2. प्रकृयात्मक सुरक्षा व्यवस्था जानकारी; र
3. ढिलाई प्रकृया उजुरीसँग सम्बन्धित जानकारीहरु।

## अभिभावकको सहमति - परिभाषा

**34 CFR §300.9**

### सहमति

सहमतिको अर्थ:

1. तपाईंलाई आफ्नो मूल भाषा वा सञ्चारको अन्य माध्यम (जस्तै इशाराको भाषा, ब्रेल, वा मौखिक सञ्चार) मा पूर्ण जानकारीको प्रदान गरिएको छ जसको लागि तपाईंले सहमति दिनुभएको छ।
2. सहमतिले त्यस कार्यको व्याख्या र सूचीब) गर्दछ (यदि कुनैभएमा) जसलाई कोसँग र जारी गरिने भएमा र तपाईंले बुझ्नुभयो र त्यस कार्यको लागि लिखितमा सहमत हुनुभयो; र
3. सहमति तपाईंको भागमा स्वैच्छिक छ र तपाईंले कुनै पनि समयमा आफ्नो सहमति फिर्ता लिन सक्नुहुन्छ भनेर तपाईंले बुझ्नुहुन्छ।

तपाईंको सहमति फिर्ताले तपाईंले सहमति दिए पछिको र फिर्ता लिनुभन्दा अगाडिको कार्यलाई रद्द गर्न (पूर्ववत गर्न) सक्दैन।

## अभिभावकको सहमति

**34 CFR §300.300**

### प्रारम्भिक मूल्यांकनको लागि सहमति

तपाईंलाई प्रस्तावित कार्यको अग्रीम लिखित जानकारी प्रदान नगरि र **अभिभावक सहमति - परिभाषा** अन्तरगत तपाईंको सहमति प्राप्त नगरि, तपाईंको जिल्ला विद्यालयले *IDEA* को भाग B अन्तरगत विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्नको लागि तपाईंको बच्चा योग्य भए-नभएको प्रारम्भिक मूल्यांकन गर्न सक्दैन।

तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चामा असक्षमता भए-नभएको निर्णय गर्न प्रारम्भिक मूल्यांकनको लागि तपाईंको सूचित सहमति प्राप्त गर्न उचित प्रयास गर्नुपर्छ।

प्रारम्भिक मूल्यांकनको लागि तपाईंको सहमतिको अर्थ तपाईंले जिल्ला विद्यालयले तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरु उपलब्ध गराउन शुरु गर्नका लागि आफ्नो सहमति पनि दिनुभएको *होइन* A

यदि तपाईंको बच्चालाई सार्वजनिक विद्यालयमा भर्ना गरिएको छ वा तपाईंले आफ्नो बच्चालाई सार्वजनिक विद्यालयमा भर्ना गर्न खोज्नु भएको छ र तपाईंले सहमति प्रदान गर्न अस्वीकार गर्नुभएमा वा प्रारम्भिक मूल्यांकनको लागि सहमति प्रदान गर्न अनुरोधलाई प्रत्युत्तर गर्न असफल हुनुभएमा, तपाईको जिल्ला विद्यालयले, तर आवश्यक छैन, ऐनको मध्यस्थता वा अनुरोध प्रकृयाको उजुरी, समाधान बैठक, र निष्पक्ष ढिलाई प्रकृयाको सुनवाई प्रकृयाहरु प्रयोग गरेर तपाईंको बच्चाको प्रारम्भिक मूल्यांकन गर्न सक्नेछ। यदि तपाईंको जिल्ला विद्यालयले यी परिस्थितिमा तपाईंको बच्चाको मूल्यांकन नपछ्याएमा, उसले तपाईंको बच्चा पत्ता लगाउन, पहिचान गर्न र मूल्यांकन गर्न यसको दायित्वहरुको उल्लंघन गर्दैन।

**प्रारम्भिक मूल्यांकनको लागि राज्यका दायित्वहरुको विशेष नियमहरु**
यदि बच्चा राज्यको दायित्व हो र आफ्नो अभिभावकसँग बस्दैन भने -

बच्चामा असक्षमता भएको निर्धारण गर्न जिल्ला विद्यालयले प्रारम्भिक मूल्यांकनको लागि अभिभावकलाई सहमतिको आवश्यकता पर्दैन यदि:

1. उचित प्रयासहरुको बावजूद, जिल्ला विद्यालयले बच्चाको अभिभावकलाई भेट्टाउन नसकेमा;
2. राज्य कानून अनुसार अभिभावकको अधिकार समाप्त भएमा; वा
3. बच्चाको सामान्य हेरचाहको जिम्मेवारी भएका न्यायाधीश वा सार्वजनिक निकायले अभिभावक बाहेक कुनै व्यक्तिलाई शैक्षिक निर्णयहरु गर्ने र प्रारम्भिक मूल्यांकनको लागि सहमति प्रदान गर्ने अधिकार प्रदान गरेमा।

*IDEA* मा प्रयोग गरे अनुसार, *राज्यको दायित्व*, को अर्थ जो:

1. एक पालेको बच्चा हो, बच्चा पाल्ने अभिभावकलाई बच्चाको मामिला हेर्ने न्यायाधीश वा बच्चाको सामान्य हेरचाहको जिम्मेवारी पाएको सार्वजनिक निकायलाई अधिकार प्रदान नगरिएमा;
2. राज्यको कानून अन्तरगत राज्यको दायित्व मानिएकोमा;
3. राज्यको कानून अन्तरगत अदालतको दायित्व मानिएकोमा; वा
4. सार्वजनिक बाल कल्याण निकायको हेरचाहमा।

**सेवाहरुका लागि अभिभावकको सहमति**
तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चालाई पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रदान गर्नु अघि तपाईंले जानकारी गराएको सहमति प्राप्त गर्न आवश्यक छ, र त्यो जानकारी गराएको सहमति प्राप्त गर्न व्यावहारिक प्रयासहरु गर्नुपर्छ।

यदि तपाईंले आफ्नो बच्चालाई पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्न अनुरोधको जवाफ नदिनु भएमा, वा यदि तपाईं यस्तो सहमति दिन अस्वीकार गर्नु भएमा, तपाईंको जिल्ला विद्यालयले तपाईंको सहमति बिना विशेष शिक्षा र सम्बन्धित सेवाहरु (तपाईंको बच्चाको *IEP* टोलीद्वारा सिफारिस गरिएको) को सहमति वा निर्णय प्राप्त गर्न प्रकृयात्मक सुरक्षा व्यवस्था (जस्तै मध्यस्थता, ढिलाई प्रकृया उजुरी, समाधान बैठक, वा निष्पक्ष ढिलाई प्रकृयाको सुनुवाई) को प्रयोग नगर्न सक्छ।

यदि तपाईंले आफ्नो बच्चाको लागि पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्न अस्वीकार गर्नुहुन्छ, वा यदि तपाईंले यस्तो अनुरोधलाई सहमति प्रदान गर्न जवाफ नदिनुभएमा र जिल्ला विद्यालयले तपाईंको बच्चालाई तपाईंको सहमति आवश्यक पर्ने विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रदान नगरेमा, तपाईंको जिल्ला विद्यालयले:

1. तपाईंको बच्चालाई *FAPE* उपलब्ध गराउन असफल हुनुमा यो ती सुविधाहरु उपलब्ध गराउन आवश्यकको उल्लंघनमा हुँदैन; र
2. तपाईंको बच्चाको लागि विशेष शिक्षा र सम्बन्धित सेवाहरु को लागि तपाईंको सहमति खोजिएकोमा, *IEP* बैठक गराउन वा तपाईंको बच्चाको लागि *IEP* विकास गर्न आवश्यक छैन।

**अभिभावकको सहमति रद्द गर्ने**
यदि तपाईले जिल्ला विद्यालयलाई लिखितमा तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रदान गर्नको लागि तपाईंको सहमति रद्द (फिर्ता) गर्नु भरेको जानकारी जिल्ला विद्यालयमा दिनु भएमा, तपाईंको जिल्ला विद्यालयले:

1. तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रदान गर्न जारी नराख्न सक्छ;
2. *IDEA* नियमावली §300.503 अन्तरगत, तपाईंको लिखित सहमति रद्द भएको आधारमा, विशेष शिक्षा र सम्बन्धित सेवाहरुको उनीहरुको प्रस्तावनाको गैह्र-निरन्तरताको बारेमा तपाईंलाई अग्रीम लिखित जानकारी प्रदान गर्नुपर्छ;
3. तपाईंको बच्चालाई प्रदान गर्न सकिने सहमति वा निर्णय प्राप्त गर्न ढिलाई कार्यविधि प्रकृयाहरु (अर्थात, मध्यस्थता, समाधान बैठक, वा निष्पक्ष ढिलाई प्रकृयाको सुनुवाई) प्रयोग नगर्न सक्छ;
4. तपाईंको बच्चालाई थप विशेष शिक्षा र सम्बन्धित सेवाहरु उपलब्ध गराउन असफल हुनुमा तपाईंको बच्चालाई *FAPE* उपलब्ध गराउनु पर्ने आवश्यकताको उल्लंघन हुँदैन।
5. तपाईंको बच्चाको लागि विशेष शिक्षा र सम्बन्धित सेवाहरुको थप प्रावधानको लागि *IEP* बैठक गर्न आवश्यक छैन वा *IEP* का विकास गर्न आवश्यक छैन; र
6. तपाईंले सहमति रद्द गर्नु भएको कारणले तपाईंको बच्चाले प्राप्त गरेको विशेष शिक्षा र सम्बन्धित सेवाहरुको कुनै सन्दर्भहरु हटाउनु तपाईंको बच्चाको शिक्षा अभिलेखलाई परिमार्जन गर्न आवश्यक छैन।

### पुन: मूल्यांकनहरुका लागि अभिभावकको सहमति

तपाईंको जिल्ला विद्यालयले यो प्रदर्शन गर्न नसक्दा सम्म तपाईंको विद्यालयको जिल्लाले तपाईंको बच्चालाई पुन: मूल्यांकन गर्नु अघि तपाईंले जानकारी गराएको सहमति प्राप्त गर्नुपर्छ:

1. तपाईंको बच्चाको पुन: मूल्यांकनको लागि तपाईंको सहमति प्राप्त गर्न उचित कदम चाल्नु पर्यो; र
2. तपाईंले जवाफ दिनुभएन।

यदि तपाईंले आफ्नो बच्चाको पुन: मूल्यांकनको लागि सहमति गर्न अस्वीकार गर्नु भएमा, जिल्ला विद्यालयले मध्यस्थता, ढिलाई प्रकृयाको उजुरी, समाधान बैठक, र निष्पक्ष ढिलाई प्रकृयाको सुनुवाई प्रकृयाहरु प्रयोग गरि तपाईको बच्चाको पुन: मूल्यांकन गर्न सक्नेछ, तर आवश्यक छैन। प्रारम्भिक मूल्यांकनमा झैं, तपाईंको जिल्ला विद्यालयले आफ्नो दायित्वलाई उल्लंघन गर्दैन भने *IDEA* को भाग B अन्तरगत यदि यो यस तरिकाले पुनरावृत्ति को लागि रोक्न अस्वीकार गर्दछ।

### अभिभावक सहमति प्राप्त गर्न उचित प्रयासहरुको दस्तावेज

तपाईंको विद्यालयले प्रारम्भिक मूल्यांकन गर्नको लागि अभिभावकको सहमति प्राप्त गर्न, पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रदान गर्न, पुनः मूल्यांकन गर्न र राज्यको दायित्व भएकाहरुको पुन: मूल्यांकनको लागि अभिभावक पत्ता लगाउन उचित प्रयत्नहरुको दस्तावेज राख्नु आवश्यक छ। दस्तावेजहरुमा यी क्षेत्रहरुमा जिल्ला विद्यालयको प्रयासहरुको अभिलेख समावेश छन्, जस्तै:

1. टेलिफोन कलहरु वा प्रयासहरुको विस्तृत अभिलेखहरु र ती कलहरुको परिणामहरु;
2. अभिभावकलाई पठाइएको पत्राचारहरुको प्रतिलिपि र कुनै प्राप्त प्रतिकृयाहरु; र
3. अभिभावकको घर वा रोजगारको स्थानमा गरिएका भेटघाटहरुको विस्तृत विवरणहरु र ती भेटघाटका परिणामहरु।

### अन्य सहमतिका आवश्यकताहरु

तपाईंको जिल्ला विद्यालयले निम्नानुसार गर्नु अघि तपाईंको सहमति आवश्यक पर्दैन:

1. तपाईंको बच्चाको मूल्यांकन वा पुन: मूल्यांकनको भागको रुपमा विद्यमान तथ्यांकहरुको समीक्षा गर्न; वा
2. जाँच वा मूल्यांकन गर्नु अघि सबै बच्चाहरुको अभिभावकको सहमति चाहिने बाहेक सबै बच्चाहरुलाई दिइने जाँच वा मूल्यांकनमा तपाईंको बच्चाको जाँच वा अन्य मूल्यांकन गर्न।

तपाईंको जिल्ला विद्यालयले कुनै एक सेवा वा कृयाकलापको लागि तपाईं वा तपाईंको बच्चालाई अन्य कुनै सेवा, फाइदा, वा कृयाकलापलाई अस्वीकार गर्न तपाईंको अस्वीकृतिलाई प्रयोग नगर्न सक्छ।

यदि तपाईंले आफ्नो बच्चालाई आफ्नै खर्चमा निजी विद्यालयमा भर्ना गर्नुभएको छ वा तपाईंले आफ्नो बच्चालाई घरमै राखेर पढाउँदै हुनुहुन्छ भने, र तपाईं आफ्नो बच्चाको प्रारम्भिक मूल्यांकन वा तपाईंको बच्चाको पुन: मूल्यांकनको लागि आफ्नो सहमति प्रदान गर्नु हुन्न भने, वा तपाईंले आफ्नो सहमति प्रदान गर्ने अनुरोधमा प्रतिकृया गर्न असफल हुनुभएमा, जिल्ला विद्यालयले आफ्नो सहमतिमा टेक्ने प्रकृयाहरु (जस्तै, मध्यस्थता, ढिलाई प्रकृया उजुरी, समाधान बैठक, वा निष्पक्ष ढिलाई प्रकृयाको सुनुवाई) प्रयोग नगर्न सक्छ र तपाईंको बच्चालाई उचित सेवाहरु (निजी विद्यालयहरुमा अशक्तता भएका बच्चाहरुलाई उपलब्ध गराइने सेवाहरु) को लागि विचार गर्न आवश्यक हुने छैन।

## स्वतन्त्र शैक्षिक मूल्यांकनहरु

## 34 CFR §300.502

### सामान्य

तल उल्लिखित, तपाईंसँग तपाईंको बच्चाको एक स्वतंत्र शैक्षिक मूल्यांकन *[Independent Educational Evaluation (IEE)]* प्राप्त गर्ने अधिकार भएमा तपाईं आफ्नो जिल्ला विद्यालयद्वारा प्राप्त भएको तपाईंको बच्चाको मूल्यांकन संग असहमत हुनुहुन्छ।

यदि तपाईंले एक *IEE* को अनुरोध गर्नु भएमा, जिल्ला विद्यालयले तपाईलाई *IEE* कहाँबाट प्राप्त गर्ने र *IEE* हरुमा आवेदन गर्ने जिल्ला विद्यालयको मापदण्डको बारेमा जानकारी प्रदान गर्नुपर्दछ A

### परिभाषाहरु

*IEE* को अर्थ तपाईंको बच्चाको शिक्षाको लागि जिम्मेवार भएको विद्यालयद्वारा नियुक्त नगरिएको एक योग्य परीक्षकद्वारा संचालित मूल्यांकन होA

सार्वजनिक खर्च भनेको जिल्ला विद्यालयले *IDEA* को भाग B को प्रावधान अनुरुप, जसले राज्यमा ऐनको भाग B अनुरुपको आवश्यकता पुरा गर्ने प्रत्येक राज्यलाई जुनसुकै राज्य, स्थानीय, संघीय, र निजी श्रोतहरुको प्रयोग गरि

स्थानीय मूल्यांकनको पूर्ण लागतको लागि भुक्तान गर्दछ वा तपाईंलाई मूल्यांकन तपाईंको खर्च बिना प्रदान गरिएको कुरा सुनिश्चित गर्दछ।

**सार्वजनिक खर्चमा मूल्यांकन गर्न अभिभावकको अधिकार**
यदि तपाईं आफ्नो जिल्ला विद्यालयद्वारा प्राप्त तपाईंको बच्चाको मूल्यांकनसँग असहमत हुनुहुन्छ भने तपाईंले सार्वजनिक खर्चमा निम्नानुसार शर्तहरु अन्तरगत रहेर तपाईंको बच्चालाई *IEE* गराउने अधिकार छ:

1. यदि तपाईंले आफ्नो बच्चाको सार्वजनिक खर्चमा *IEE* गराउनको लागि लिखित अनुरोध गर्नु भएमा, तपाईंको जिल्ला विद्यालयले अनुरोधको प्राप्त भएको सात दिन भित्र, जिल्लाको निम्नानुसार मध्येको उद्देश्य खुलाई लिखितमा जवाफ दिनुपर्छ: (क) सार्वजनिक खर्चमा *IEE* प्रदान गर्ने; वा (ख) तपाईंको बच्चाको मूल्यांकन उपयुक्त भएको देखाउन सुनुवाइको लागि ढिलाई प्रकृया उजुरी दायर गर्ने।
2. यदि तपाईंको जिल्ला विद्यालयले सुनवाईको अनुरोध गर्दछ र तपाईंको जिल्ला विद्यालयले गरेको तपाईंको बच्चाको मूल्यांकन उपयुक्त भएको अन्तिम निर्णयभएमा, तपाईंसँग अझै पनि *IEE* को अधिकार रहन्छ, तर सार्वजनिक खर्चमा होइन।
3. यदि तपाईं आफ्नो बच्चाको लागि *IEE* अनुरोध गर्नु भएमा, तपाईंको जिल्ला विद्यालयद्वारा प्राप्त तपाईंको बच्चाको मूल्यांकनमा किन आपत्ति जनाउनुहुन्छ भनेर जिल्ला विद्यालयले तपाईंलाई सोध्न सक्नेछ। तथापि, तपाईंको जिल्ला विद्यालयले व्याख्या गर्न आवश्यक नपर्न सक्छ र तपाईको बच्चाको *IEE* सार्वजनिक खर्चमा प्रदान गर्न वा जिल्ला विद्यालयले तपाईंको बच्चाको गरेको मूल्यांकनको प्रतिवादको लागि ढिलाई प्रकृयाको सुनुवाई गर्न ढिलाई प्रकृयाको उजुरी दायर गर्न अनुचित ढिलाई नगर्न सक्छ।
4. यदि तपाईंले प्राप्त गर्नुभएको *IEE* ले जिल्ला विद्यालयको मापदण्ड पूरा नगरेमा, जिल्ला विद्यालयले ढिलाई प्रकृयाको उजुरी दायर गर्न सकिन्छ। यदि मूल्यांकनले जिल्ला विद्यालयको मापदण्ड पूरा नगरेको सुनुवाईको अन्तिम निर्णय भएमा, तपाईंको *IEE* को खर्चको सार्वजनिक भरपाईलाई अस्वीकार हुन सक्नेछ।

तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चाको मूल्यांकनसँग तपाईं प्रत्येक पटक असहमत भए पनि तपाईं सार्वजनिक खर्चमा तपाईंको बच्चाको एक पटक मात्र *IEE* को हकदार हुनुहुन्छ।

**अभिभावकले पहल गर्नुभएको मूल्यांकनहरु**
यदि तपाईंले आफ्नो बच्चाको *IEE* सार्वजनिक खर्चमा प्राप्त गर्नुभएमा वा तपाईंले निजी खर्चमा प्राप्त गर्नुभएको तपाईंको बच्चाको मूल्यांकन जिल्ला विद्यालयसँग साझेदारी गर्नुभएमा:

1. तपाईंको बच्चाको लागि *FAPE* को प्रावधानको सन्दर्भमा कुनै निर्णय गरिएको भएमा, यदि यसले *IEE* हरुको लागि जिल्ला विद्यालयको मापदण्ड पूरा गरेमा, तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चाको मूल्यांकनको नतिजालाई विचार गर्नुपर्दछ,; र
2. तपाईं वा तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चाको सन्दर्भमा ढिलाई प्रकृयाको सुनुवाईमा प्रमाण पेश गर्न सक्नेछ।

**प्रशासनिक कानुन न्यायाधीशद्वारा मूल्यांकनहरुका लागि अनुरोधहरु**
यदि एक प्रशासनिक कानुनी न्यायाधीश *[Administrative Law Judge (ALJ)]* ले ढिलाई सुनुवाई प्रकृयाको रुपमा तपाईंको बच्चाको *IEE* को अनुरोध गरेमा, मूल्यांकनको लागत सार्वजनिक खर्चमा हुनुपर्छ।

### जिल्ला विद्यालयको मापदण्ड

यदि *IEE* सार्वजनिक खर्चमा भएमा, मूल्यांकनको स्थान र जाँचकर्ताको योग्यता सहित, मूल्यांकन प्राप्त हुने मापदण्ड जिल्ला विद्यालयले एक मूल्यांकन (*IEE* को लागि तपाईंको अधिकारको मापदण्डको हदसम्म) जस्तै हुनुपर्छ।

माथि व्याख्या गरिएको मापदण्डको बाहेक, एक जिल्ला विद्यालयले सार्वजनिक खर्चमा *IEE* प्राप्त गर्न सम्बन्धित शर्तहरु वा समयारेखाहरु लागू नगर्न सक्नेछ।

## जानकारीको गोपनियता

### परिभाषाहरु

**34 CFR §300.611**

शीर्षक रुपमा प्रयोग गरिए अनुसार, **जानकारीको गोपनियता:**

- *विनाश* अर्थात जानकारी अब उप्रान्त व्यक्तिगत रुपमा पहिचानको लागि अयोग्य बनाउनको लागि भौतिक क्षति वा जानकारीबाट व्यक्तिगत पहिचानकर्ताहरुलाई हटाउने।
- *शैक्षिक अभिलेखहरु* भन्नाले 34 CFR भाग 99 (पारिवारिक शैक्षिक अधिकार र 1974 को गोपनीयता ऐन, 20 U-S-C- 1232g *[Family Educational Rights and Privacy Act (FERPA)]* लागू गर्ने नियमहरु) को "शिक्षा अभिलेख" को परिभाषा अनुसार समेटिने अभिलेखका प्रकारहरु। *FERPA* ले "शिक्षा अभिलेखहरु" लाई विद्यार्थीसँग प्रत्यक्ष रुपमा सम्बन्धित र शैक्षिक निकायद्वारा वा निकायका लागि प्रतिनिधिको रुपमा कार्य गर्ने पक्षको रुपमा परिभाषित गर्दछ।
- *सहभागी निकाय* भन्नाले *IDEA* को भाग B अन्तरगत व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी संकलन गर्ने, प्रबन्ध गर्ने, वा प्रयोगगर्ने कुनै पनि जिल्ला विद्यालय, निकाय वा संस्था हो।

### व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी

**34 CFR §300.32**

*व्यक्तिगत रुपमा पहिचान योग्य* भन्नाले जसमा निम्नानुसार जानकारीहरु हुन्छन्:

a. तपाईंको बच्चाको नाम, अभिभावकको रुपमा तपाईंको वा परिवारको अर्को सदस्यको नाम;
b. तपाईंको बच्चाको ठेगाना;
c. व्यक्तिगत पहिचानकर्ता, जस्तै तपाईंको बच्चाको सामाजिक सुरक्षा नम्बर वा विद्यार्थी नम्बर; वा
d. उचित तरिकाले निश्चित रुपमा तपाईंको बच्चाको पहिचान गर्न व्यक्तिगत विशेषताहरु वा अन्य जानकारीको सूचि।

### अभिभावकलाई जानकारी

**34 CFR §300.612**

मिशिगनको शिक्षा विभाग ले निम्नानुसार सहित व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको गोपनियताको बारेमा अभिभावकहरूलाई पूर्ण जानकारी दिन *MDE* सँग प्रकृयाहरु र नीतिहरु छन् भनेर अभिभावकलाई जानकारी प्रदान गर्नुपर्छ:

1. राज्यका विभिन्न जनसंख्या समूहहरुको लागि उनीहरुको मूल भाषामा दिइने जानकारीको सीमाको व्याख्या;
2. व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी प्रबन्ध राखिएका बच्चाहरुको विवरण, खोजिएको जानकारीको प्रकार, जानकारी संकलन गर्न राज्यले प्रयोग गर्न खोजेको विधिहरु (जानकारी संकलन गरिएका श्रोतहरु सहित), र जानकारीको प्रयोग;
3. व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको भण्डारण, तेस्रो पक्षहरुलाई खुलासा, अवधारण, र विनाशको सन्दर्भमा संलग्न निकायहरुले पछ्याउनु पर्ने नीति र प्रकृयाको सारांश; र
4. यस जानकारीको सन्दर्भमा *FERPA* र 34 CFR भाग 99 मा यसको लागू गर्ने नियमहरु सहित अभिभावक र बच्चाहरुको सबै अधिकारहरुको विवरण।

कुनै पनि प्रमुख पहिचान, स्थान वा मूल्यांकन कृयाकलाप ("बच्चाको खोज" को रुपमा पनि जानिएको) भन्दा पहिले, जानकारी प्रकाशित गर्न वा अखबार वा अन्य मिडियामा वा घोषणा गरिएको हुनुपर्छ।, विशेष शिक्षा र सम्बन्धित सेवाहरुको आवश्यकतामा बच्चालाई पहिचान, र मूल्यांकन गर्नुहोस्।

## पहुँचको अधिकार

**34 CFR §300.613**
सहभागी निकायले तपाईंको बच्चा सम्बन्धि संकलन गरिएका, प्रबन्ध राखिएका, वा सहभाए निकायले *IDEA* को भाग B अन्तरगत प्रयोग गरेका कुनै पनि शिक्षा अभिलेखहरुको निरीक्षण गर्न तपाईंलाई अनुमति दिनुपर्छ। सहभागी निकायले कुनै अनावश्यक ढिलाइ बिना *IEP* को सम्बन्धमा कुनै बैठक भन्दा अगाडि तपाईंको बच्चाको शैक्षिक अभिलेखहरुको निरीक्षण र समीक्षाको तपाईंको अनुरोध, वा कुनै निष्पक्ष ढिलाई सुनुवाई प्रकृया (समाधान बैठक वा अनुशासन सम्बन्धि सुनवाई सहित) तपाईंको अनुरोधको अनुपालन गर्नुपर्छ, र तपाईंले अनुरोध गर्नुभएको 45 दिनहरु भन्दा बढी लगाउनु हुँदैन।

शिक्षाको अभिलेख निरीक्षण गर्ने र समीक्षा गर्न तपाईंको अधिकारमा समावेश छन्:

1. अभिलेखहरुको व्याख्या र अनुवादको लागि तपाईंको उचित अनुरोधमा सहभागी निकायबाट प्रतिकृयाको लागि तपाईंको अधिकार;
2. तपाईंको अनुरोध गर्ने अधिकार दावी निकायले प्रदान गर्दछ यदि तपाईंले प्रभावकारी रुपमा निरीक्षण र समीक्षा गर्न सक्नु हुँदैन भने सहभागी निकायले अभिलेखहरुको प्रतिलिपि प्रदान गर्नुपर्ने तपाईंको अनुरोधको अधिकार; र
3. तपाईंले अभिलेखको निरीक्षण र समीक्षा गर्न तपाईंको प्रतिनिधि पाउने तपाईंको अधिकार।

राज्यको कानूनले अभिभावकत्व, वा छोडपत्र र सम्बन्ध बिच्छेद जस्ता मामिलाहरुमा तपाईंलाई अख्तियार प्रदान नगरेको अवस्थामा बाहेक, सहभागी निकायले तपाईंसँग तपाईंको बच्चासँग सम्बन्धित अभिलेखहरुको निरीक्षण र समिक्षा गर्ने अख्तियार भएमार अनुमान गर्न सक्छ।

## पहुँचको अभिलेख

**34 CFR §300.614**
प्रत्येक सहभागी निकायले संकलन गरिएको, प्रबन्ध गरिएको वा *IDEA* को भाग B अन्तरगत प्रयोग गर्ने पक्षहरुको नाम, पहुँच दिइएको मिति, र पक्षलाई अभिलेखको लागि अधिकार प्रदान गरिएको उद्देश्य सहित (अभिभावक र सहभागी निकायको अधिकार प्रदान कर्मचारीहरुको पहुँच बाहेक) को अभिलेख राख्नु पर्नेछ।

## एक भन्दा बढी बच्चाहरुको अभिलेखहरु

**34 CFR §300.615**
यदि कुनै पनि शिक्षा अभिलेखमा एकभन्दा बढी बच्चाहरुको बारेमा जानकारी समावेश भएमा, ती बच्चाहरुको अभिभावकसँग उनीहरुको सम्बन्धित बच्चाको मात्र जानकारीको समीक्षा गर्ने वा त्यस त्यस विशिष्ट जानकारीको बारेमा सुचित गरिनेछ।

## जानकारीका प्रकारहरु र स्थानरुको सूची

**34 CFR §300.616**
अनुरोध गरिएमा, प्रत्येक सहभागी निकायले तपाईंलाई निकायद्वारा संकलित, प्रबन्ध गरिएको वा प्रयोग गरिएको शिक्षा अभिलेखहरुको प्रकारहरु र स्थानहरुको सूची प्रदान गर्नुपर्छ।

## शुल्कहरु

**34 CFR §300.617**
यदि शुल्कले तपाईंलाई ती अभिलेखहरुको निरीक्षण गर्न र समीक्षा गर्न तपाईंको अधिकार प्रयोग गर्नबाट रोक्न नसक्ने भएमा, प्रत्येक सहभागी निकायले *IDEA* को भाग B अन्तरगत तपाईंको लागि बनाइएका अभिलेखको प्रतिलिपिहरुको लागि शुल्क लगाउन सक्नेछन्।

सहभागी निकायले *IDEA* को भाग B अन्तरगत जानकारी खोज्न वा प्राप्त गर्नको लागि शुल्क नलगाउन सक्नेछन्।

## अभिभावकको अनुरोधमा अभिलेखहरुको संशोधन

**34 CFR §300.618**
यदि *IDEA* को भाग B अन्तरगत तपाईंको बच्चाको संकलन, प्रबन्ध गरिएको, वा प्रयोग गरिएको शैक्षिक अभिलेखहरु गलत भएको, भ्रामक भएको, वा तपाईंको बच्चाको गोपनीयताको अन्य अधिकारहरुको उल्लंघन गरेको तपाईंले विश्वास गर्नु भएमा, तपाईंले जानकारी प्रबन्ध गर्ने सहभागी निकायलाई जानकारी परिवर्तन गर्न अनुरोध गर्न सक्नुहुन्छ।

सहभागी निकायले तपाईंको अनुरोधको प्राप्त भएपछि उचित अवधि भित्र तपाईंको अनुरोध अनुसार जानकारी परिवर्तन गर्ने निर्णय गर्नु पर्नेछ।

यदि सहभागी निकायले तपाईंको अनुरोध अनुसार जानकारी परिवर्तन गर्न अस्वीकार गरेमा, यसले तपाईंलाई अस्वीकारको बारेमा सूचित गर्दछ र तपाईंलाई सुनुवाईको अवसर शीर्षक अन्तरगत व्याख्या गरिए अनुसार सुनुवाईको लागि सुझाव दिनुपर्छ।

## सुनुवाईको लागि अवसर

**34 CFR §300.619**
अनुरोध गरिएमा, सहभागी निकायले, तपाईंलाई तपाईंको बच्चा सम्बन्धि शिक्षा अभिलेखमा भएको जानकारी गलत नभएको, भ्रामक नभएको, वा तपाईंको बच्चाको गोपनीयता वा अन्य अधिकारहरुको उल्लंघन नगरेको कुरालाई सुनिश्चित गर्न चुनौती दिनको लागि सुनुवाईको अवसर प्रदान गर्नुपर्दछ।

## सुनुवाईको प्रकृया

**34 CFR §300.621**
शिक्षा अभिलेखमा भएको जानकारीलाई चुनौती दिनको लागि *FERPA* अन्तरगत यस्तो सुनुवाईको प्रकृयाको अनुसार सञ्चालन गर्नुपर्छ।

## सुनुवाईको परिणाम

**34 CFR §300.620**
यदि, सुनुवाईको नतिजाको रुपमा, सहभागी निकायले जानकारी गलत, भ्रामक वा अन्यथा बच्चाको गोपनीयता वा अन्य अधिकारहरुको उल्लंघन गरेको निर्णय गरेमा, यसले सोही बमोजिम जानकारी परिवर्तन गर्नुपर्छ र तपाईंलाई लिखितमा सूचित गर्नुपर्दछ।

यदि, सुनुवाईको नतिजाको रुपमा, सहभागी निकायले जानकारी गलत, भ्रामक नभएको वा अन्यथा बच्चाको गोपनीयता वा अन्य अधिकारहरुको उल्लंघन नगरेको निर्णय गरेमा, यसले तपाईंलाई तपाईंको बच्चाको अभिलेख प्रबन्धन गरेको सहभागी निकायको निर्णयसँग कुनै कारणले तपाईं असहमत हुनु भएमा तपाईंले अभिलेख राख्न पाउने तपाईंको अधिकारको बारेमा तपाईंलाई सूचित गर्नुपर्छ।

तपाईंको बच्चाको अभिलेखमा राखिएको यस्तो विवरणहरु:

1. सहभागी निकायद्वारा तपाईंको बच्चाको प्रबन्ध गरिएको अभिलेख वा चुनौती दिइएको भाग सहभागी निकायद्वारा प्रबन्ध गरिंदा सम्म; र
2. यदि सहभागी निकायले कुनै पक्षलाई तपाईंको बच्चाको अभिलेख वा चुनैती गरिएको भागको खुलासा गरेमा, त्यो पक्षलाई व्याख्या पनि खुलासा गर्नुपर्छ।

## व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्न सहमति

**34 CFR §300.622**
शैक्षिक अभिलेखमा भएको व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा (अभिभावकको सहमति बिना) *FERPA* अन्तरगत अधिकार प्रदान गरिएकोमा बाहेक, सहभागी निकायहरुको अधिकृतहरु बाहेकका पक्षहरुलाई व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्नु

भन्दा पहिले तपाईको सहमति प्राप्त गर्नु आवश्यक हुनुपर्दछ। तल उल्लेखित परिस्थितिहरु अन्तरगत बाहेक, *IDEA* को भाग B को आवश्यकता पुरा गर्ने उद्देश्यले निकायहरुलाई व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्नको लागि तपाईंको सहमति आवश्यक छैन।

सेवा प्रदान गरिरहेका वा संक्रमणकालीन सेवाहरुको भुक्तान गरिरहेका सहभागी निकायहरुका अधिकृतहरुलाई व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्नु अघि तपाईंको वा राज्यको कानून अन्तरगत वयस्क उमेर पुगेका योग्य बच्चाको सहमति आवश्यक छ।

यदि तपाईंको बच्चा एक निजी विद्यालयमा छ, वा गइरहेको छ, जुन तपाई बस्ने सोही जिल्ला विद्यालयमा अवस्थित छैन भने, नीजी विद्यालय अवस्थित रहेको जिल्ला विद्यालयका अधिकारीहरु र तपाईं बस्ने जिल्ला विद्यालयका अधिकारीहरु बीच तपाईंको बच्चाको व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्नु अघि, तपाईंको सहमति प्राप्त गर्न आवश्यक छ।

### सुरक्षा

**34 CFR §300.623**
प्रत्येक सहभागी निकायले व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी संकलन, भण्डारण, खुलासा र विनाश गर्ने चरणहरुमा गोपनियतालाई सुरक्षित गर्नुपर्छ।

प्रत्येक सहभागी निकायमा एकजना अधिकृतले व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको गोपनियता सुनिश्चित गर्न जिम्मेवारी लिनुपर्छ।

व्यक्तिगत रुपमा पहिचान गर्न योग्य जानकारी संकलन वा प्रयोग गर्ने सबै व्यक्तिहरुले *IDEA* को भाग B र *FERPA* अन्तरगत मिशिगनको नीति र प्रकृयाहरु सम्बन्धि तालिम वा निर्देशन प्राप्त गर्नुपर्दछ।

प्रत्येक सहभागी निकायले सार्वजनिक निरीक्षणको लागि, निकाय भित्रको कर्मचारीहरुलाई नाम र स्थानहरुको हालको सूचीब) राख्नु पर्छ जुन व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको पहुँच हुन सक्छ।

### जानकारीको विनाश

**34 CFR §300.624**
तपाईंको जिल्ला विद्यालयले तपाईंको बच्चालाई शैक्षिक सेवाहरु प्रदान गर्न आवश्यक नभएमा व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी संकलन गर्दा, प्रबन्ध गर्दा, वा *IDEA* को भाग B अन्तरगत प्रयोग गर्दा तपाईंलाई सूचित गर्नुपर्छ।

तपाईंको अनुरोधमा जानकारी नाश गर्नुपर्छ। यद्यपि, तपाईंको बच्चाको नाम, ठेगाना, र फोन नम्बर, उनीहरुको ग्रेड, उपस्थिति अभिलेख, कक्षाहरुमा सहभागी, ग्रेड स्तर पूरा गरेको र वर्ष पुरा गरेको स्थायी अभिलेखलाई समयसीमा बिना प्रबन्ध गरिरहन सक्नेछ।

### विद्यार्थीको अधिकारहरु

**34 CFR §300.625**
*FERPA* को अधीनका नियमहरु अनुसार, शिक्षा अभिलेखहरु सम्बन्धि अभिभावकहरुको अधिकार 18 वर्षको उमेरमा विद्यार्थीलाई स्थानान्तरण गरिन्छ।

सन्दर्भमा *IDEA* को भाग B अनुसार शिक्षा अभिलेखको अभिभावकको अधिकार पनि 18 वर्षको उमेरमा विद्यार्थीलाई स्थानान्तरण गरिन्छ। तथापि, एक सहभागी निकायले *IDEA* को भाग B को विद्यार्थी र अभिभावक दुवैको लागि आवश्यक जानकारी प्रदान गर्नुपर्दछ।

## मध्यस्थता

### मध्यस्थता

**34 CFR §300.506**

**सामान्य**
*MDE* ले मध्यस्थता उपलब्ध गराउने प्रकृयाहरु स्थापना गरेको छ र तपाईंलाई जिल्ला विद्यालय *IDEA* को भाग B वा भाग C अन्तरगत कुनै पनि बिषयमा समावेशी असहमतिलाई समाधान गर्न, जसमा राज्यका उजुरी वा दावी

प्रकृया उजुरी गर्नु अघि सम्बन्धित विषयहरु समावेश गर्दछ। यस प्रकार, *IDEA* को भाग B वा भाग C अन्तरगत विवादहरु समाधान गर्न मध्यस्थता उपलब्ध छ, चाहे तपाईंले ढिलाई प्रकृया उजुरी दावी गर्नु भएको कारण अनुरोध सुनुवाई प्रकृयाको रुपमा **एक ढिलाई प्रकृया उजुरी फाइल** शीर्षकको रुपमा व्याख्या गरिएको छ A

**आवश्यकताहरु**
प्रकृयाहरु मध्यस्थता प्रकृया सुनिश्चित गर्न:

1. तपाईंको भाग र जिल्ला विद्यालयको भागमा स्वैच्छिक हो;
2. तपाईंको प्रकृया अनुसार कानुनी निर्णयको अधिकार अस्वीकार वा ढिलाइ गर्न प्रयोग नगर्ने, वा *IDEA* को भाग B वा भाग C अन्तरगत कुनै अन्य अधिकारहरु अस्वीकार गर्न प्रयोग नगर्ने; र
3. प्रभावकारी मध्यस्थता प्रविधिमा प्रशिक्षित गरिएका योग्य र निष्पक्ष मध्यस्थताद्वारा आयोजित गरिन्छ।

जिल्ला विद्यालयले प्रकृयाहरु विकास गर्न सक्छ जसले अभिभावक र विद्यालयहरुलाई, अनिच्छुक पक्षसँग मध्यस्थता प्रकृया, भेट्न एक अवसर, एक समय र तपाईंलाई सजिलो हुने स्थान छनोट गर्ने प्रस्ताव गर्दछ:

1. जो उपयुक्त वैकल्पिक विवाद समाधान संस्थासंग, वा राज्यमा एक अभिभावक प्रशिक्षण र जानकारी केन्द्र वा सामुदायिक अभिभावकको श्रोत केन्द्रसँग अनुबन्धित छ; र
2. जसले तपाईंलाई मध्यस्थता प्रकृयाको फाइदाहरु बुझ्न र प्रयोगलाई प्रोत्साहन दिनेछ।

*MDE* ले विशेष शिक्षा र सम्बन्धित सेवाहरुको प्रावधान सम्बन्धि कानुन र नियमहरु जानेका योग्य मध्यस्थतकर्ताहरुको सूची राख्नुपर्छ। *MDE* ले यादृच्छिक, पालैपालो, वा अन्य निष्पक्ष आधारमा मध्यस्थकर्ताहरुको चयन गर्नुपर्छ।

बैठकको लागतहरु सहित, मध्यस्थता प्रकृयाको लागतको लागि राज्य जिम्मेवार छ। यी सेवाहरु विशेष शिक्षा मध्यस्थता सेवाहरु (http://MiKids1st-org) द्वारा प्रदान गरिएको छ।

मध्यस्थता प्रकृयामा प्रत्येक बैठक समयमै अनुसूचित हुनुपर्छ र तपाईं र जिल्ला विद्यालयको लागि उपयुक्त हुने स्थानमा राखिनु पर्छ।

यदि तपाईं र जिल्ला विद्यालय मध्यस्थता प्रकृयाको माध्यमबाट विवाद समाधान गर्नु भएमा, दुई पक्षहरु एक कानुनी रुपमा बाध्यकारी सम्झौतामा प्रवेश गर्नुपर्छ जुन समाधानलाई सेट गर्दछ र:

1. मध्यस्थ प्रकृयामा भएका सबै छलफलहरु गोप्य रहनेछ र सुनुवाईको प्रकृयामा वा नागरिक कार्यवाहीमा प्रमाणको रुपमा प्रयोग गरिने छैन भनेर उल्लेख गर्दछ; र
2. तपाईं र जिल्ला विद्यालयको अख्तियारी प्राप्त गर्ने जिल्ला विद्यालयका प्रतिनिधि दुवैजनाले हस्ताक्षर गरेका छन्।

एक लिखित, हस्ताक्षरित मध्यस्थता सम्झौता सक्षम न्यायालयको कुनै पनि राज्य अदालतमा (यस प्रकारको मामला सुनुवाईको राज्य कानून अन्तरगत एक अदालत) वा संयुक्त राज्यको जिल्ला अदालतमा लागू हुन्छA

मध्यस्थ प्रकृयाको क्रममा भएका छलफलहरु गोप्य हुनुपर्छ। तिनीहरुलाई संघीय अदालत वा राज्यको भविष्यका *IDEA* को भाग B वा भाग C अन्तरगत सहयोग प्राप्त कुनै पनि सुनुवाई प्रकृया वा नागरिक कार्यमा प्रमाणको रुपमा प्रयोग गर्न सकिँदैन।

**मध्यस्थकर्ताको निष्पक्षता**

मध्यस्थकर्ता:

1. *MDE* वा तपाईंको बच्चाको शिक्षा वा स्याहारमा संलग्न जिल्ला विद्यालयको कर्मचारी हुनु हुँदैन; र
2. मध्यस्थकर्ताको उद्देश्यसंग विवाद हुने खालको कुनै व्यक्तिगत वा व्यावसायिक रुचि हुनु हुँदैन।

मध्यस्थकर्ताको रुपमा योग्यता पुग्ने व्यक्ति जिल्ला विद्यालय वा राज्य निकायको एकल कर्मचारी हुनु हुँदैन किनभने उसलाई निकाय वा जिल्ला विद्यालयले मध्यस्थकर्ताको रुपमा सेवा गर्नको लागि भुक्तानी गर्छ।

# राज्यको उजुरी प्रकृयाहरु

### ढिलाई प्रकृयाको सुनुवाई र राज्यको उजुरी प्रकयाहरु बीच फरक

*IDEA* को भाग B का नियमहरुले राज्यका उजुरीहरु र ढिलाई प्रकृया उजुरीहरु र सुनुवाईहरुको बीच फरक प्रकृयाहरु निर्धारण गरेको छ। तल उल्लेख गरे बमोजिम, कुनै पनि व्यक्ति वा संगठनले जिल्ला विद्यालय, *MDE*, वा अन्य कुनै सार्वजनिक निकायद्वारा कुनै पनि भाग B वा भाग C को आवश्यकताको उल्लंघनको आरोप लगाउन सक्नेछ। पहिचान, मूल्यांकन वा अक्षमता भएको बच्चाको शैक्षिक स्थान परिवर्तन गर्न, वा बच्चाको लागि *FAPE* को प्रावधानको लागि प्रस्ताव वा अस्वीकृतिसंग सम्बन्धित कुनै पनि कुरामा तपाईं वा एक जिल्ला विद्यालयले उजुरी दायर गर्न सक्छ। समयरेखा राम्ररी नबढाएमा, *MDE* को कर्मचारीले सामान्यतः 60-समरेखा भित्र, एक राज्यको उजुरी समाधान गर्नुपर्छ, एक *ALJ* ले ढिलाई प्रकृया उजुरी सुन्नेछ (यदि समाधान बैठक मार्फत वा मध्यस्थता मार्फत समाधान नभएमा) र तपाईंको वा जिल्ला विद्यालयको अनुरोधमा *ALJ* ले समयरेखाको विशिष्ट विस्तार प्रदान गरेकोमा बाहेक, यस दस्तावेजमा **समाधान प्रकृया** शीर्षकमा व्याख्या गरिए झैं, समाधान अवधि सकिएको 45- दिन भित्र लिखित निर्णय जारी गर्दछ। राज्यको उजुरी र ढिलाईको प्रकृया उजुरी, समाधान र सुनुवाई प्रकृयाहरु अझ पूर्ण रुपमा तल व्याख्या गरिएका छन्।

### राज्यको उजुरी प्रकृयाहरुको पालना

**34 CFR §300.151**

#### सामान्य

*MDE* लाई निम्नानुसारको लागि लिखित प्रकृयाहरु (विशेष शिक्षाको लागि प्रशासन नियमहरु, 340-1701a, 340-1851-1853 हेर्नुहोस्) को लागि:

1. अन्य राज्यका कुनै संस्था वा व्यक्तिले गरेको उजुरी समेत, कुनै पनि राज्यको उजुरीलाई समाधान गर्ने;
2. उजुरी दायर गर्ने।
3. अभिभावक र अभिभावक तालिम र सुचना केन्द्रहरु, संरक्षण र वकालतका निकायहरु, स्वतन्त्र बसोबास केन्द्रहरु, र अन्य उपयुक्त संस्थाहरु सहित अन्य इच्छुक व्यक्तिहरुलाई राज्यको उजुरी प्रकृया व्यापक रुपमा प्रसारित गरिरहेको।

#### उपयुक्त सेवाहरुको अस्वीकारको लागि उपचार

एक राज्य उजुरी समाधान गर्दा उपयुक्त सेवाहरु उपलब्ध गराउन असफल भएको *MDE* ले पाएमा, *MDE* ले निम्नानुसार कुरालाई सम्बोधन गर्नुपर्छ:

1. बच्चाहरुको आवश्यकतालाई सम्बोधन गर्नको लागि सुधारात्मक कार्य सहित उपयुक्त सेवाहरु उपलब्ध गराउन असफल भएको; र
2. असक्षमता भएका सबै बच्चाहरुका लागि भविष्यमा उपयुक्त सेवाको प्रावधान।

## न्यूनतम राज्यको उजुरी प्रकृयाहरु

**34 CFR §300.152**

### समयसीमा; न्यूनतम प्रकृयाहरु

*MDE*, विशेष शिक्षा कार्यालय *[Office of Special Education (OSE)]* द्वारा, एक उजुरी दायर भएपछि- यसको राज्यको उजुरी प्रकृया 60 दिनको समयसीमा समावेश हुनेछ:

1. यदि एक *MDE* ले अनुसन्धान आवश्यक भएमार निर्धारण गरेमा, यदि एक स्वतन्त्र साइट-सर्वेक्षणको जाँच गर्नुहोस्;
2. उजुरीकर्तालाई उजुरीमा आरोपहरुको बारेमा थप जानकारी, मौखिक वा लिखित रुपमा पेश गर्ने मौका दिनुहोस्;
3. कम्तिमा निम्नानुसार सहित विद्यालयको जिल्ला वा अन्य सार्वजनिक निकायलाई उजुरीमा प्रतिकृया दिन मौका प्रदान गर्नुहोस्: (क) निकायको विकल्पमा, उजुरी समाधान गर्नको लागि प्रस्ताव; र (ख) उजुरी दायर गर्ने अभिभावक र स्वेच्छिक रुपमा मध्यस्थताको लागि संलग्न हुन सहमत निकाय;
4. सबै सान्दर्भिक जानकारीको समीक्षा गर्नुहोस् र जिल्ला विद्यालय वा अन्य सार्वजनिक निकायले *IDEA* को भाग B को आवश्यकताको उल्लंघन गरे-नगरेको एक स्वतन्त्र निर्धारण गर्नुहोस्; र
5. उजुरीमा प्रत्येक आरोपलाई सम्बोधन गर्न लिखित निर्णय जारी राख्नुहोस् र जसमा समावेश छन्: (क) तथ्य र निष्कर्षहरुको निष्कर्ष; र (ख) *MDE* को अन्तिम निर्णयको कारणहरु।

### समय विस्तार; अन्तिम निर्णय; कार्यान्वयन

माथि उल्लिखित *MDE* को प्रकृयाहरुमा निम्नानुसार पनि हुनुपर्छ:

1. यदि: (क) राज्यको विशेष उजुरीको सन्दर्भमा असाधारण परिस्थितिहरु विद्यमान भएमा; वा (ख) अभिभावक र जिल्ला विद्यालय वा स्वैच्छिक रुपमा मध्यस्थतामा संलग्न अन्य सार्वजनिक निकाय मध्यस्थता मार्फत मुद्दाको समाधान गर्न समय विस्तार गर्न सहमत भएमा मात्र 60- दिन समयसीमाको विस्तारको अनुमति दिनुहोस्।
2. यदि आवश्यक भएमा *MDE* को अन्तिम निर्णयको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार सहित प्रकृयाहरु समावेश गर्नुहोस्: (क) प्राविधिक सहयोग गतिविधिहरु; (ख) वार्तालाप; र (ग) अनुपालन प्राप्त गर्न सुधारात्मक कार्यहरु।

### राज्यको उजुरी र ढिलाई प्रकृयाको सुनुवाई

